## **सामुदायिक (छाडा) चौपाया व्यवस्थापन गर्नका लागि गौशाला**

पछिल्लो समयमा वीरेन्द्रनगर नगरपालिकामा दुध दिन छोडेको, बेत बसेका वा रोग व्याधि, घाउ चोट लागेका गाईहरूलाई गाई धनीहरूले सार्वजनिक सडकमा बेवारिसे अवस्थामा छोडिदिने गरेको अवस्था थियो। सडकमा पशु चौपाया अनियन्त्रित रुपमा छाडिदा सडक अव्यवस्थित र फोहोर भएको थियो। साथै छाडा पशुका कारण सडक दुर्घटना भई मानिसहरुले **अकालमै मृत्युवरण र अङ्गभङ्ग ब्यहोर्नु परेको समेत देखिन्छ। छाडा चौपायाका कारण किसानका अन्नबालीमा नोक्सान पुगेको थियो।**

यस्तै प्रकारका समस्याहरुलाई मध्यनजर गरेर वीरेन्द्रनगर नगरपालिकाले सामुदायिक पशु (वेवारिसे रुपमा छाडा छाडीएका गाई गोरु) को समुचित व्यवस्थापन गरी सफा,स्वच्छ, सुन्दर र सुरक्षित शहर बनाउन **"सामुदायिक पशु व्यवस्थापन कार्यविधि" २०७९,** कार्यन्वयनमा ल्यायको छ।यसको प्रभावकारी कार्यान्वयन गर्न वीरेन्द्रनगर नगरपालिका र मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, प्रदेश तथा स्थानीय शासन सहयोग कार्यक्रम मार्फत सामुदायिक पशु व्यस्थापनका लागि "सामुदायिक पशुपालन तथा पर्यावरणीय स्वच्छता/संरक्षण/संवर्द्नका लागि गौशाला व्यवस्थापन परियोजना" संचालनमा छ। नगरपालिका र प्रदेश सरकारको लागत साझेदारीमा संचालित यस परियोजनाले भेरी नदीको समैजीघाट नजिकै धार्मिक वनको स्वीकृत सामुदायिक गौशाला निर्माण गरि सामुदायिक पशु व्यवस्थापनको काम सुरुवात गरेको छ।नगरपालिकाले 'सुन्दर कर्णाली गौशाला तथा सरसफाइ व्यवस्थापन बहुउद्देश्यीय सहकारी संस्था' मार्फत करिब ३०० जति छाडा चौपाया लाई गौशालामा राखेर व्यवस्थापन गर्ने गरिएको छ ।



गौशाला बाट उत्पादन हुने गोबर र मलमुत्र बिक्री वितरण गरि आम्दानी गर्ने गरेको छ। छ। यसबाट प्राप्त हुने आम्दानी गौशालाको कोषमा जम्मा गर्ने गरेको छ ।यसका साथै धार्मिक पर्यटन प्रबर्धन गर्न गौ-कास्ठ बनाई नजिक रहेको समाधि स्थालमा बिक्रि वितरण गरि आम्दानी गर्ने योजना बनाईएको छ। गड्यौले मल उत्पादनको काम समेत सहकारीले गरिरहेको छ। यसको बिक्री पनि गौशालाको आम्दानीको श्रोत बनेको छ। गौशालाले अक्षय कोष स्थापना गरेको छ। अक्षय कोषबाट प्राप्त ब्याजको नब्बे प्रतिशत गौशालाको संचालनमा खर्च गर्ने र बांकी दश प्रतिशत अक्षय कोषमा नै जम्मा गर्ने कारण कोष समेत बढ्दै गई दिर्घकालिन रुपमा गौशाला आत्मनिर्भर हुने देखिएको छ। सहकारीले शेयर पूंजीबाट आम्दानी हुने ब्यवसायिक कार्य गर्ने र प्राप्त नाफा गौशाला ब्यवस्थापनमा समेत लगाउने रणनीति लिई कार्य गरिरहेको छ। यसले गर्दा दिर्घकलिन रुपमा गाई संरक्षण, विकास, संवर्द्धन भई वातावरणको संरक्षण गर्न मद्दत पुग्ने देखिन्छ।

गौशालासंग सम्झौता गरि प्राप्त मलबाट केपी ब्यवायिक सेवा प्रालिले ग्यास उत्पादन गर्दै आएको छ। ग्यासबाट हाल ७ वटा अटो विरेन्द्रनगर नगरपालिकामा संचालनमा रहेका छन्।सिएनजी ग्याँसका कारण बिग्रँदो वातावरणीय स्थिति र वातावरणीय समस्यालाई केही हदसम्म नियन्त्रण गर्न सघाउ पुऱ्याएको छ।

**नगरपालिकाको "सामुदायिक पशु व्यवस्थापन कार्यविधि" २०७९, बमोजिम गौशाला संचालन हुने व्यवस्था रहेको छ।** यसबाट दिर्घकालिन रुममा गौशाला प्रबर्धन तथा ब्यवस्थापन गर्न स्थानीय तहले स्वामित्व लिएको देखिन्छ।

नेपालको राष्ट्रियतासँग जोडिएको जनावर गाई र आयुर्वेद चिकित्सा विधामा गाईको शुद्ध गहुतको औषधिका रूपमा पनि प्रयोग हुने र हिन्दु धर्मावलम्बीका विभिन्न धार्मिक कार्यमा पनि गाईको गहुत र गाईको दूधको पञ्चामृत नभई नहुने भएकोले गौमाताको संरक्षणमा परियोजनालाले सहयोग पुर्याएको छ। स्थानीयबासीका अनुसार छाडा चौपायाकै कारण किसानलाई खेतीपाती गर्न धेरै समस्या भएको थियो। सडकभरि छाडा चौपायाका कारण दुर्घटना बढ्दै गएको थियो हाल यो समस्या घट्दै गएको छ। गाई धनीहरूले पनि आ-आफ्नो थारा, रोगी व्याधि गाईबस्तुको स्याहार, सुसार औषधोपचार गर्नुपर्ने सम्बन्धमा दायित्व लिनुपर्ने र रासायनिक मलको आयात र खपत घटाई जैविक एवम् प्राङ्गारिक मलको प्रयोग बढाउनको लागि र वातावरणीय सन्तुलन कायम राख्न समेत घाँस खेती उद्योगकै रूपमा बिस्तार गरी गाईबस्तुमा आधारित Pilot Project को रूपमा विरेन्द्रनगर नगरपालिकामा संचालान गरी अरु स्थानीय तहका लागि पनि अनुकरनिय कार्य गर्ने अवसरको रुपमा  यो परियोजना स्थापित हुने प्रदेश सरकारबाट अपेक्षा गरिएको छ।



*चित्र: परियोजनाको सूचना पाटी*



*चित्र: विकास साझेदारवाट परियोजनाको अनुगमन*